आकाशवाणी समाचार- नेपाली

मितिः १८ जनवरी २०२६

समयः ०९:२५ - ०९:३० बजे (*अवधिः ०५ मिनट*)

मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालमा तीन अमृत भारत एक्सप्रेस रेलगाड़ीहरुलाई प्रस्थान गराउनु हुनेछ अनि सिंगुरमा लगभग 830 करोड रुपियाँका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

- प्रधानमन्त्रीले तृणमूल कांग्रेस सरकारलाई निर्दयी बताउनुहुदै अवैध घुसपैठलाई राज्यको सबैभन्दा गम्भीर चुनौती रहेको बताउनुभएको छ।

- हिजो जलपाईगुडीमा कोलकत्ता उच्च न्यायालयको सर्किट बेन्चको स्थायी भवनको भव्य उद्घाटन गरिएको छ।

- गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा आज खरसाङमा गोर्खाल्याण्ड अनि संवैधानिक व्यवस्था विषयमा संगोष्ठी हुने भएको छ।

- सुकना गोल्ड कप फूटबल टुर्नामेण्टको 19औं संस्करणमा दार्जीलिङ पुलिसले रोमाञ्चक जीतको साथ क्वार्टर फाइनलमा स्थान पक्का गरेको छ।

प्रधानमंत्री-अमृत भारत

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगाल र असमबाट पाँच नयाँ अमृत भारत एक्सप्रेस रेलगाड़िहरुलाई झंडी देखाएर प्रस्थान गराउनु हुनेछ।यसमा पश्चिम बंगालको हुगली देखि तीन रेलगाड़ि, हावड़ा-आनंद विहार टर्मिनल अमृत भारत एक्सप्रेस, सियालदह-बनारस एक्सप्रेस र संतरागाछी-तंबरम अमृत भारत एक्सप्रेस सामेल छन्। प्रधानमन्त्रीले असमको नागांव जिल्लाको कालियाबोरमा दुई नयाँ अमृत भारत एक्सप्रेस रेलगाड़िहरूलाई पनि पनि झंडा देखाएर प्रस्थान गराउनु हुनेछ।यी रेलगाडी हुन- कामाख्या-रोहतक अमृत भारत एक्सप्रेस र डिब्रूगढ़-लखनऊ गोमती नगर अमृत भारत एक्सप्रेस। हाम्रा संवाददाताले बताए नुसार यी नयाँ रेल सेवाहरूले पूर्वोत्त र उत्तर भारत बीचको रेल सम्पर्कलाई बलियो बनाउनेछन्, जसले गर्दा मानिसहरूको लागि यात्रा सुरक्षित र सुविधाजनक हुनेछ।

प्रधानमन्त्री हुगली

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ पश्चिम बंगालको हुगली जिल्लाको सिंगुरमा लगभग 830 करोड रुपियाँका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।उहाँले बालागढमा एक विस्तारित बन्दरगाह द्वार प्रणालीको शिलान्यास पनि गर्नुहुनेछ, जसमा अन्तर्देशीय जल परिवहन टर्मिनल र एक ओभरब्रिज सामेल छन्। लगभग 900 एकड़ क्षेत्रमा फैलिएको बालागढ़ मालढुलाईका लागि एक आधुनिक टर्मिनलको रूपमा विकसित गरिन्दै छ, जसको अनुमानित क्षमता लगभग 27 लाख टन प्रति वर्ष रहेको छ। प्रधानमंत्रीले जयरामबती-बरो-गोपीनाथपुर-मयनापुर नयाँ रेल लाइनको पन्नि उद्घाटन गर्नुहुनेछ। यो लाइन तारकेश्वर-बिष्णुपुर नयाँ रेल लाइन परियोजनाको एक महत्वपूर्ण हिस्सा हो।

पीएम पश्चिम बंगाल

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो पश्चिम बंगालको मालदामा तीन हजार 250 करोड़ रुपियाँभन्दा बढी मूल्यका विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले चार नयाँ अमृत भारत एक्सप्रेस ट्रेनहरूलाई झंडा देखाएर प्रस्थान

गराउनु भयो। यी ट्रेनहरूले राज्यमा रेल सम्पर्क र पूर्वाधारलाई बढावा दिनेछन्। नयाँ अमृत भारत एक्सप्रेस ट्रेनहरूले उत्तरी बंगाललाई दक्षिणी र पश्चिमी भारतसित जोड्नेछन्।यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो पश्चिम बंगालको प्रगतिलाई माल्दाले नयाँ गति दिएको छ।

प्रधानमन्त्री मोदी पश्चिम बंगाल

प्रधानमन्त्री मोदीले पश्चिम बंगालको तृणमूल कांग्रेस सरकारलाई निर्दयी बताउनु भयो। उहाँले अवैध घुसपैठलाई राज्यको सबैभन्दा गम्भीर चुनौती हो भन्नु भयो।

(बाईट)

श्री मोदीले भन्नुभयो धेरै समृद्ध देशहरूले अवैध प्रवासीहरूलाई निर्वासित गरिरहेका छन्, तर तृणमूल कांग्रेस सरकारले राजनीतिक कारणले त्यसो गर्न असफल भएको छ। उहाँले भन्नुभयो यसले राज्यका युवाहरूको लागि रोजगारीका अवसरहरू कम भईरहेको छ।प्रधानमन्त्रीले मुख्यमन्त्री ममता बनर्जीले जल जीवन मिशन, प्रधानमन्त्री सूर्य घर नि:शुल्क बिजुली योजना र आयुष्मान भारत योजना जस्ता केन्द्रीय योजनाहरूमा अवरोध पुऱ्याएको आरोप पनि लगाउनु भएको छ।

जलपाईगुडी सर्किट बेन्च भवन

हिजो उत्तर बंगालको न्यायिक व्यवस्थाको इतिहासमा एउटा नयाँ स्वर्णिम अध्याय जोड़ियो।वर्षौंको लामो पर्खाइपछि, जलपाईगुडीमा कोलकत्ता उच्च न्यायालयको सर्किट बेन्चको स्थायी भवनको भव्य उद्घाटन गरियो। यो ऐतिहासिक उद्घाटनका साथै, अब उत्तर बंगालका जनताले न्यायको लागि बारम्बार कोलकाता जानु पर्ने छैन। अत्याधुनिक सुविधाहरूले सुसज्जित यो सर्किट बेन्च भवनको उद्घाटन एक विशेष समारोहमा गरियो जसमा सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश, कोलकाता उच्च न्यायालयका मुख्य न्यायाधीश र मुख्यमन्त्री ममता बनर्जीको उपस्थिति रहेको थियो।कैयन न्यायिक अधिकारीहरू भर्चुअल र प्रत्यक्ष रूपमा यस ऐतिहासिक क्षणका साक्षी बने। यो स्थायी बेंचको उद्घाटनले जलपाईगुडी, दार्जिलिङ, कालिम्पोङ, कुचबिहार, अलिपुरद्वार र उत्तर तथा दक्षिण दिनाजपुरका हजारौं न्याय प्रार्थिहरूको लामो समयदेखिको समस्या समाधान भएको छ।

उल्लेखनीय छ यो सर्किट बेन्चको स्थायी संरचनाको आधारशिला वर्ष 2012 मा जलपाईगुडी स्पोर्ट्स कॉम्प्लेक्स मैदानमा आयोजित एक कार्यक्रममा राखिएको थियो।

गोर्खा जनमुक्ति मोर्चा - संगोष्ठी

गोर्खा जनमुक्ति मोर्चाको आयोजनामा आज खरसाङमा गोर्खाल्याण्ड अनि संवैधानिक व्यवस्था विषयमा संगोष्ठी हुने भएको छ। संगोष्ठीमा गोजमुमो अध्यक्ष बिमल गुरुङ उपस्थित रहने सम्भावना रहेको छ।खरसाङमा हुने संगोष्ठीमा आयोजक गोर्खा जनमुक्ति मोर्चाले पहाडका सबै राजनीतिक दलहरु साथै सत्तामा रहेका राजनीतिक दललाई पनि निमन्त्रणा पठाएको छ। यस संगोष्ठीमा असमलगायत विभिन्न स्थानहरुबाट वक्ताहरु उपस्थित रहने बताइएको छ। यस संगोष्ठीलाई लिएर हिज गोजमुमोले खरसाङ बजारमा पार्टीको झण्डा लगाउने कार्य गरे।

विनय तामाङ - प्रेष विज्ञप्ति

GTA का पूर्व chairman विनय तामाङले हिज एक प्रेष विज्ञप्ति जारी गरेर भारत अनि नेपाल माझको सन्धि ,खुल्ला सिमाना अनि ऐतिहासिक एवं पारस्पारिक सम्बन्धको कारण नागरिकताको विषय अतिनै संवेदनशील रहेको बताउनुभएको छ । यदि कसैले दुवै देशको नागरिकता लिएको भेटिएमा यसले व्यक्तिगत रूपमा उसलाई मात्र कानुनी संकटमा पार्दैन तर यसले उत्तर बङाल ,सिक्किम र भारतीय गोर्खा समुदायका लागि गम्भीर सामाजिक र राजनैतिक चुनौतीहरू निम्त्याइदिन्छ । हालै दोहोरो नागरिकतामा पक्राउ परेका उत्तम कुमार श्रेष्ठको सन्दर्भमा उहाले यसो भन्नुभएको हो । उत्तम कुमार श्रेष्ठ वा जसले पनि यस्तो कार्य गरे, यो भारतीय गोर्खा अनि सिक्किमे रैथाने नागरिकहरूको सुरक्षा र पहिचानका लागि ठुलो खतरा रहेको उहाले बताउनुभएको छ ।

सुकना गोल्ड कप

सुकना गेम्स एण्ड स्पोर्ट्स एसोसिएशनको तत्त्वावधानमा आयोजित निर्वाणा सुकना गोल्ड कप फूटबल टुर्नामेण्टको 19औं संस्करणमा दार्जीलिङ पुलिसले रोमाञ्चक जीतको साथ क्वार्टर फाइनलमा स्थान पक्का गरेको छ । सुकना हाई स्कूल खेल मैदानमा हिज भएको अन्तिम प्री-क्वार्टर फाइनल म्याचमा दार्जीलिङ पुलिसले डीएसएम पत्थरघट्टा विरुद्ध 1-0 ले जीत प्राप्त गऱ्यो। विजेता टीमको तर्फबाट एकमात्र गोल मनीष सुब्बाले 75औं मिनटमा गरे। मनीष सुब्बा लाई प्लेयर अव् द म्याच चयन गरियो। आज खेलिने पहिलो क्वार्टर फाइनल म्याचमा तरञ्जुबारी फूटबल क्लब र बेलबारी फूटबल क्लब (नेपाल) बीच भिड़न्त हुनेछ। दुईवटा सेमिफाइनल 22 र 23 जनवरीमा खेलिनेछ भने फाइनल 25 जनवरीमा हुनेछ। टुर्नामेण्टमा च्याम्पियन हुने टीमलाई आकर्षक ट्रफीको साथमा 3 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिनेछ अनि रनर अप हुने टीमलाई आकर्षक ट्रफीको साथमा 2 लाख रुपियाँको नगद पुरस्कार प्रदान गरिनेछ।

फुटबल टुर्नामेन्ट-घैयाबारी

मिक्स अप बोइस् खरसाङ, घैयाबारीमा भइरहेको नगद राशि फुटबल टुर्नामेन्टको सेमिफाइनलमा पुग्ने दोस्रो टिम बनेको छ। घैयाबारी स्पोर्ट्स वेलफेयर एसोसिएशनले घैयाबारीको नेताजी हाई स्कूलको खेल मैदानमा आयोजना गरिरहेको यस टुर्नामेन्टको दोस्रो क्वार्टर फाइनल खेल आज मिक्स अप बोइस खरसाङ र सिविटार एफसीमाझ सम्पन्न भयो।

सुस्वास्थ्य केन्द्र - शिलान्यास

खरसाङको तीनधारे स्थित राजबारीमा सुस्वास्थ्य केन्द्र निर्माणको लागि शिलान्यास गरिएको छ। तीनधारेको राजबारीमा सुस्वास्थ्य केन्द्र भाँडामा सञ्चालित थियो भने अब यहाँ जीटीएद्वारा सुस्वास्थ्य केन्द्रको भवन निर्माण हुने भएको छ। सुस्वास्थ्य केन्द्रको शिलान्यास हिज तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्रीको बाहुलीबाट गरियो। शिलान्यास कार्यक्रमको अध्यक्षता राजबारी जनसेवा संघका सभापति महेन्द्र तामाङले गरेका थिए भने प्रमुख अतिथिको रुपमा सभासद नवराज छेत्री उपस्थित रहेका थिए। राजबारी जनसेवा संघका सभापति महेन्द्र तामाङले पत्रकारहरुलाई सम्बोधन गर्दै यस सुस्वास्थ्य केन्द्रको निर्माणले स्थानीयहरुलाई धेरै सुविधा हुने भएको जानकारी गराएका छन ।

****** ० ******